उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३

## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१३४

आज मिति २०८२/११/२६ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधि…

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १३४ मितिः २०८२/११/२६

**प्रस्तावहरु**

१. प्रदेश समपुरक र प्रदेश विशेष अनुदान सम्बन्धमा।

२. निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धमा।

३. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण (GESI Audit)को प्रतिवेदन सम्बन्धमा।

४. जग्गा प्राप्ति सम्बन्धमा।

**निर्णयहरु**

**निर्णय नं.१**

यस गाउँपालिकाबाट आ.व. २०८३/०८४ को प्रदेश समपूरक र विशेष अनुदानको लागि तपसिलका आयोजना र कार्यक्रमहरुको प्रस्ताव सहित विवरण पठाउने निर्णय गरियो ।

**तपसिल:**

क. प्रदेश समपूरक अनुदान तर्फ

| क.सं. | आयोजनाको नाम | कूल लागत | गाउँपालिकाले व्यहोर्ने प्रतिबद्धता | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | पहिरेवेशी-भलायडाँडा सडक स्तोरन्नती, उत्तरगया गा.पा. वडा नं.४ | २ करोड | ८० लाख | १ वर्ष | |
| २ | शान्तिबजार(जिरो)- पहिरेगाउँ-भाँगेखोला सडक स्तरोन्नती, उत्तरगया गा.पा. वडा नं.२ | २ करोड | ८० लाख | १ वर्ष | |
| ३ | बेत्रावती-उपल्लोपौवा पर्यटन पदमार्ग, उत्तरगया गा.पा. वडा नं.५ | १ करोड | ४० लाख | १ वर्ष | |

ख. प्रदेश विशेष अनुदान तर्फ

| क.सं. | आयोजनाको नाम | कूल लागत | समय | कैफियत |
|---|---|---|---|---|
| १ | घडेरीडाँडा-काम्लुङ सिरान-करुमन्याङ सडक निर्माण, उत्तरगया गा.पा. वडा नं.१ | १ करोड | १ वर्ष | |
| २ | खेलमैदान निर्माण उत्तरगया गा.पा. वडा नं. ३ | ५० लाख | १ वर्ष | |

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रहरी चौकी रातोढुङ्गा सडक स्तरोन्नती उत्तरगया गा.पा. वडा नं.२ | ५० लाख | १ वर्ष | |

**निर्णय नं.२**

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा उल्लेखित व्यवस्था बमोजिम घ वर्ग निर्माण व्यवसायी प्रमाण-पत्र वितरण जाँचबुझ समितिको मिति २०८२/११/२५ गतेको बैठकको सिफारिस मार्फत पेश भएका देहाय बमोजिमका निर्माण व्यवसाय फर्म तथा कम्पनीलाई तपसिल बमोजिमको क्षेत्रमा कार्यालय स्थापना गरी सञ्चालन गर्ने गरी सोही कार्यविधिको अनुसूची ३ बमोजिमको इजाजत प्रमाण-पत्र उपलब्ध गराउने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | निर्माण व्यवसाय/ फर्म/कम्पनीको नाम | ठेगाना | प्यान नं. |
|---|---|---|---|
| १ | श्री अर्किड कन्स्ट्रक्सन एण्ड इन्जिनियरीङ सोलुसन्स प्रा.लि. | उत्तरगया गा.पा.-५. रसुवा | ६२३५३७३८१ |

**निर्णय नं.३**

लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण (GESI Audit)को प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.४**

साविक रसुवा जिल्ला, लहरेपौवा गा.वि.स वडा नं १ ठेगाना कायम भईहाल रसुवा जिल्ला, उत्तरगया गाउँपालिका वडा नं ५, अन्तर्गतको कित्ता नं ५०७ र ५०८ को कुल २३ आना ४ पैसा क्षेत्रफलको जग्गा कृषि विकास बैंक लि.को नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा कायम रही नेपाल सरकार, कृषि विकास बैंक लि.को स्वामित्वमा रहेकोमा उक्त जग्गा उत्तरगया गाउँपालिकाको प्रशासनिक भवन निर्माण तथा अन्य बहुउद्देश्यीय प्रयोग लगायतका विषयले बहुउपयोगी रही भौगोलिक रुपमा सहज पहुँच, आर्थिक, सामाजिक तथा सांस्कृति दृष्टिले बहुक्षेत्रीय रुपमा प्रयोग हुन उपयुक्त भई उक्त क्षेत्रमा दीर्घकालिन रुपमा संरचना निर्माण हुन सक्ने र उक्त जग्गा खाली र विवाद रहित रही सडक, बत्ती, पानी, बिजुली लगायतका पूर्वाधारका न्यूनतम अवयवको सहज पहुँच रही अधिकत्तम सार्वजनिक लाभ हुने देखिएकोले नेपाल सरकार, कृषि विकास बैंक लि.को स्वामित्वमा रहेको उक्त जग्गा G to G modality मार्फत उत्तरगया गाउँपालिकाको नाममा जग्गा प्राप्ति गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत